# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बर: ३०-२०८०/०८१

## आलु पकेट विकास कार्यक्रमको निरन्तरताका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।।

(प्रकाशित मितिः २०८०/०८/२२ गते)

यस चन्द्रकोट गाउँपालिकाको चालु आ.व.को संघीय सशर्त तर्फको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत चन्द्रकोट-१, दिब्रुङ्ग, लुग्दीमा आलुबाली पकेट विकास कार्यक्रम (निरन्तरता) संचालन गर्नुपर्ने भएकोले तपशिलको कृषक समूहले देहाय बमोजिमका कागजात सहित यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र चन्द्रकोट गाउँपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा अनुसार प्रस्ताव पेश गर्नुहुन सम्बन्धित समूहको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स | कार्यक्रमको नाम | जम्मा बजेट | न्युनतम क्षेत्रफल | कार्क्रम संचालन हुने स्थान | कार्यक्रम संचालन गर्ने समुहको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आलुबाली पकेट बिकास कार्यक्रम (निरन्तरता) | ६ लाख | ७ हेक्टर (१४० रोपनी) | चन्द्रकोट गाउँपालिका वडा नं.१,दिब्रुङ्ग लुग्दि | उद्यमशिल कृषक समुह | प्रधानमन्त्री कृषि कार्यान्वयन म्यानुअल अनुसार साझेदारीमा कार्यक्रम संचालन गरिनेछ। |

**<u>प्रस्तावका साथ पेश गर्न पर्ने कागजातहरु</u>**

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची-१० अनुसारको व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव सहितको निवेदन

२. समुह नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी।

३. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात (जग्गा धनी पूर्जा) वा जग्गा भाडामा लिई कार्यकम सञ्चालन गर्नेको हकमा कम्तिमा ५ वर्षको सम्झौतानामा।

४. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

५. गत आर्थिक वर्षको अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. अनुदान माग गर्ने सम्बन्धमा भएको समूह बैठक निर्णयको प्रतिलिपी।

७. समुहका सदस्यहरुको नाम तथा नागारिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

पुनश्चः परियोजना म्यानुअलको अनुसुची-१० को व्यवसायिक कार्ययोजना प्रस्ताव तथा निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

*थप जानकारीको लागिः यस कार्यालयको कृषि बिकास शाखा*
*सम्पर्क नं. ९८५७०८५२७२ मा सम्पर्क गर्न सकिनेछ।*

..................
(सरोज भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

**सरोज भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**